आज मिति २०७५।०३।२१ गतेका दिन नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर सभा तयारीको लागि नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

**कार्यपालिकाका निर्णयहरु :**

१. खोला खेत सिंचाई आयोजना, सेराबेशी पोखरी सिंचाई आयोजना, चतुरे सिंचाई आयोजना, माझकूलो माथिल्लो चिउरीबोटे सिंचाई आयोजनाको कार्य यस आ.व. ०७४।०७५ मा सम्पन्न नहुने देखिएकोले आ.व. ०७५।०७६ को लागि निरन्तरता दिने गरी निर्णय गरियो । साथै अन्य थप नयाँ सिंचाई आयोजना कार्यान्वयका लागि साना सिंचाई आयोजनाको कार्यालयमा माग गर्ने समेत निर्णय गरियो ।
   क) राजेश्वरा खग्रेटो सिंचाई आयोजना, ठोट्ने खोला मुहान वडा नं. ४ ।
   ख) जैरुटु खेत सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. २, ठूलाछाप ।
   ग) भुलभुले हर्राबोट कुलो तथा पोखरी आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. २, ठूलाछाप ।
   घ) लिपेखोला मुहानगरी मसार हुँदै बसेरी विरौटा खेत सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ९ ।
   ङ) मानेखेत सिंचाई योजना, सिद्धिचरण नगरपालिका वडा नं. ५, वर्णालु ।
   च) सुर्खे सिंचाई आयोजना, सिद्धिचरण नगरपालिका वडा नं. ७, विगुटार ।
   छ) ढाडखोला मुहानगरी डाँडागाउँ ठूलीबेशि सिंचाई आयोजना सिद्धिचरण नगरपालिका वडा नं. ८ ।
   ज) हरिबोले मुहानगरी ज्यामिरबोट सिंचाई आयोजना सिद्धिचरण नगरपालिका वडा नं. १० ।

२. जिल्ला युवा समितिको कार्यालय ओखलढुंगाको प्राप्त पत्रबाट जिल्ला स्तरीय युवा प्रतिभा उद्यमीहरुको खोजी गरी सिफारिस गरिदिने भन्ने पत्रको बारेमा वडा कार्यालयबाट विवरण माग गरी उक्त कार्यालयमा पठाउने निर्णय गरियो ।

३. आ.व.०७५।०७६ को जनप्रतिनिधिहरुको सम्पत्ति विवरण २०७५ भाद्र २८ गतेभित्र सम्बन्धित निकायमा पेस गर्न वडा अध्यक्षज्यू मार्फत विवरण भरी पठाउने निर्णय गरियो ।

४. यस नगरपालिकामा कार्यरत करारका कर्मचारीलाई नियम अनुसार पाउने स्थानीय भत्ता एवं पोशाक भत्ता उपलब्ध गराउन सभामा पेस गर्ने निर्णय गरियो ।

५. जिल्ला समन्वय समितिको कार्यालय ओखलढुंगाबाट तलब भत्ता लगायतका सुविधा लिने गरी यस नगरपालिकामा काजमा कार्यरत कर्मचारीहरुलाई जिल्ला समन्वय समितिको कार्यालयबाट तलब भत्ता लगायतका सुविधा निरन्तरता नभएको खण्डमा मिति २०७५।०४।०१ बाट काम लगाउने सम्बन्धमा आवश्यक निर्णयार्थ नगरसभामा पेस गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको कामको बोझको आधारमा कार्यालयको दैनिक कामकाज Software मार्फत हुनु पर्ने साथै कार्यालयमा संचालन हुने विभिन्न Software Website, MIS System, SMS System, Computer Networking, Hardware, Software Maintenance लगायतका सूचना प्रविधि सम्बन्धी कामकाज गर्न कम्प्युटर अपरेटर आवश्यकता हुने भएकोले आगामी आ.व. २०७५।०७६ देखि उक्त पदलाई निरन्तरता दिनका लागि गनर सभामा पेस गर्ने निर्णय गरियो ।

७. नगरमा बन्ने भवनहरु भूकम्प प्रतिरोधी हुनु पर्दछ भन्ने सम्बन्धमा सबैको ध्यान केन्द्रीत भयो । यस सम्बन्धमा भवन निर्माण सम्बन्धी कार्यविधि तयार गरी लागु गर्ने र बाटोको मापदण्ड कायम गर्न आवश्यक गृहकार्यको लागि यस नगरपालिकाका इन्जिनियर श्री दिव्य श्रेष्ठलाई जिम्मेवारी दिई प्राप्त विवरण अनुमोदनका लागि नगर सभामा पेस गर्ने निर्णय गरियो ।

८. ओखलढुंगा बजार (खास गरी वडा नं. ११ र १२) भित्र फोहोरमैला व्यवस्थापन नियमन गर्ने, बाटोमा रहेका निर्माण सामाग्री हटाउन दण्डात्मक कदम समेत चाल्ने र हाट बजारलाई बाटोमुनि व्यवस्थापन गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

९. ओखलढुंगा बजारको खानेपानी समस्या समाधान गर्न खानेपानी आयोजना सहलगानीमा संचालन गर्ने गरी यस नगरपालिका, सगरमाथा मा.वि., सामुदायिक अस्पताल सोब्रु, लाली गुराँस इङ्गलिस स्कुलबाट रु.१०,००,०००।- (अक्षेरुपी दश लाख) का दरले जम्मा ४०,००,०००।-(अक्षेरुपी चालिस लाख) खानेपानी उपभोक्ता समितिलाई उपलब्ध गराएको रकम नगर सभाबाट अनुमोदन गर्न पेस गर्ने र यथासक्य चाँडो उक्त उपभोक्ता समितिबाट सोधभर्ना गराउन समितिलाई जानकारी गराउने र तत्काल उपभोक्ता समितिबाट सोधभर्ना हुन नसके नगरपालिकाबाट सोधभर्ना गर्ने व्यवस्था मिलाउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो ।

१०. उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाले यस नगरपालिकाको वडा नं. ११ स्थित ६ रोपनी जग्गा सशुल्क वा निशुल्क उपलब्ध गराई दिने भनि लेखेको पत्र यस नगरपालिकामा प्राप्त भई सो सन्दर्भमा यस नगर कार्यपालिकाको मिति २०७५।०१।२८ को बैठकबाट उक्त जग्गा न्यूनतम मूल्यमा सशूल्क उपलब्ध गराई दिने भनि निर्णय भई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगालाई निर्णयको प्रतिलिपि संलग्न राखी पत्र पठाई सकेको र स्थानीय सरकार संचालन ऐनको दफा ९७ को (३) अनुसार नेपाल सरकारको स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक प्रकृया अगाडि बढाउन अनुरोध गरी पठाउने निर्णय भयो र उक्त निर्णयलाई अनुमोदनका लागि नगर सभामा पेस गरी नगर सभाको निर्णय अनुसार आवश्यक प्रकृया अगाडि बढाउन आजको बैठकले सर्वसम्मत निर्णय गरियो ।

११. यस नगरपालिकाका जनप्रतिनिधिहरुलाई हाललाई एक पटकको लागि पोशाक उपलब्ध गराउन आवश्यक पर्ने रकम उपलब्ध गराई दिने सम्बन्धमा निर्णयार्थ नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१२. नगरपालिका भित्र रहेका माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यलाय र प्राथमिक विद्यालय तहका शिक्षकहरुको मासिक तलब भुक्तानी बैंक मार्फत शिक्षकहरुको खातामा पठाउने गरी निर्णयार्थ नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

१३. उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाले यस नगरपालिकाको वडा नं. ११ स्थित छ रोपनी जग्गा सशुल्क वा निशुल्क उपलब्ध गराई दिने सम्बन्धमा लेखेको पत्र यस नगरपालिकाका लाई प्राप्त भई मिति २०७५।०१।२८ गते बसेको नगर कार्यपालिकाको बैठकमा पेस भई व्यापक छलफल पछि न्यूनतम मूल्यमा सशुल्क दिने भनि निर्णय गरेको सन्दर्भमा सामाजिक संजाल फेसबुकमा रुम्जाटार मञ्चको नामबाट नगर प्रमुख मोहन कुमार श्रेष्ठलाई सार्वजनिक चल अचल सम्पत्ति आफ्नो स्वार्थ अनुकूल हक हस्तान्तरण र विक्री वितरण गर्न छुट छैन, जग्गा दाताहरु थकु कुमारी राजभण्डारी र हरि कुमारी राजभण्डारीले नगरपालिकाको भवन निर्माणका लागि दिइएको जग्गा दाताको इच्छा विपरित विक्री तथा हस्तान्तरण गर्नु प्राकृतिक न्यायको सिद्धान्त विपरित कार्य भएकोले यस्ता जनभावना विपरित

काम गर्ने भ्रष्टचारी विरुद्ध एकजुट हौं, जनताको कठघरामा उभ्याई भ्रष्टचारी मेयरलाई जेल पठाउ भन्ने व्यहोराको स्टाटस्को सन्दर्भमा नगर कार्यपालिकाको गम्भिररुपमा ध्यान आकृष्ट भएको छ । यसरी भ्रम सृजना गरी नगर प्रमुखको व्यक्तित्व र चरित्र हत्या गर्ने र मानमर्दनमा आँच आउने किसिमले आफ्नो स्वार्थ पूर्तिको लागि भ्रम सृजना गर्न उद्धत रुम्जाटार मञ्चधारी फेसबुक संचालकको झुटो समाचारको घोरभत्सर्ना गर्दै यसरी भ्रम सृजना गरी फेसबुक प्रेमी पाठकहरुलाई अन्यौल्ता सृजना भएकोमा अन्यौल्मा नपर्नको लागि हार्दिक अपिल गर्ने समेत निर्णय गरियो ।

१४. प्रदेश नं. १ बाट गाउँ तथा नगर सभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (प्रमाणीकरण मिति २०७५।०२।१३) बमोजिम यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरुलाई नगर कार्यपालिकाको कार्यालयबाट उक्त ऐनमा भएको व्यवस्था अनुसार सेवा सुविधा उपलब्ध गराउन निर्णय गरियो ।

१५. गाउँसभा र नगरसभाको संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को परिच्छेद ३ को दफा १७ बमोजिम अध्यक्षको सहयोगको लागि निम्न अनुसार समिति गठन गर्न सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठ : अध्यक्ष
२. नगर उपप्रमुख श्री इच्छा कुमारी गुरुङ : उपाध्यक्ष
३. वडा अध्यक्ष श्री केदारबाबु बस्नेत : सदस्य
४. वडा अध्यक्ष श्री दमोदर धमला : सदस्य
५. वडा अध्यक्ष श्री दान बहादुर बानिया : सदस्य
६. वडा अध्यक्ष श्री मदन बहादुर मगर : सदस्य
७. वडा अध्यक्ष श्री रत्न कुमार गुरुङ : सदस्य

१६. सिद्धिचरण नगरपालिकाको कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा स्थानीय तह पुनर्संरचना हुँदा सिद्धिचरण नगरपालिकाको केन्द्र साविक नगरपालिकाको कार्यालय भएको स्थानमा नै कायम हुने गरी गठन आदेशमा नै उल्लेख भएको हुँदा उक्त सिद्धिचरण नगरपालिकाको केन्द्र साविक नगरपालिकाको कार्यालय भएको स्थानमा नै कायम गरी गठन आदेशमा उल्लेख भएको केन्द्र हाल सिद्धिचरण नगरपालिकाको कार्यालय संचालन भईरहेको क्षेत्र भएकोले उक्त क्षेत्रमा नगर कार्यपालिकाको भवन बनाउनको लागि नगरपालिका कार्यालयको पूर्वतर्फ तत्कालीन सगरमाथा प्रा.वि.को नाममा रहेको पुरानो भवन सहितको क्षेत्र हाल सगरमाथा प्रा.वि. मर्ज भई खाली अवस्थामा रहेको हुँदा उक्त विद्यालयको नाममा रहेको जग्गा सिद्धिचरण नगरपालिकाको नाममा ल्याउने प्रकृया अगाडि बढाई भवन निर्माण प्रकृया अगाडि बढाउन नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१७. साविक ज्यामिरे गाउँ विकास समितिको स्वास्थ्य चौकीको नयाँ भवन बनि स्वास्थ्य चौकी नयाँ भवनमा सरिसेकेको हुँदा पुरानो स्वास्थ्य चौकी भवनमा वडा नं. ९ को वडा कार्यालय संचालन गर्ने र उक्त भवनको हक हस्तान्तरण नगरपालिकामा सार्न आवश्यक प्रकृया अगाडि बढाउनको लागि निर्णयार्थ सभामा पेस गर्ने निर्णय गरियो ।

१८. यस नगरपालिकाको वडा नं.२ स्थित साविक ठूलाछाप गाउँ पञ्चालयतको नाममा रहेको कि.नं. ५०४ को जग्गा हिमालय माध्यमिक विद्यालय निशंखेलाई हस्तान्तरण गर्न प्रकृया अगाडि बढाउन निर्णयार्थ सभामा पेस गर्ने निर्णय गरियो ।

१९.मनकामना अध्ययन केन्द्रबाट अध्ययन गरी तयार भएको नगर पार्श्वचित्र एवं नगर गुरुयोजना अध्ययन गर्दा मापदण्ड अनुसार भएको देखिएकोले नगर पार्श्वचित्र एवं नगर गुरुयोजना पारित गरी निजलाई अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

२०. यस सिद्धिचरण नगरपालिका र स्वीस सहयोग नियोग बीच भएको सम्झौता अनुसार जिल्ला समन्वय समिति माथिको पहिरो नियन्त्रण गर्नका लागि यस नगरपालिकाबाट रु. पन्ध्र लाख बराबरको रड उपलब्ध गराउने भन्ने सम्झौता भएअनुसार उक्त रड उपलब्ध गराउन नियमानुसार प्रकृया अगाडि बढाउन नगर सभामा पेस गर्ने निर्णय गरियो ।

२१. सिद्धिचरण नगरपालिका वडा नं. १ तलुवाले आर्थिक वर्ष ०७४।०७५ मा विनियोजन गरेको रकम शीर्षक मध्ये विद्युत विस्तारका लागि रु.दुई लाख छुट्याईएकोमा विद्युत विस्तार गर्नका लागि विद्युत प्राधिकरण रुम्जाटारको बैंक खाता नं. B७४१०५१२७०८५२४० मा विद्युत पोल खरिदको लागि नियमानुसार रकम खातामा जम्मा गरिदिने व्यवस्थाको लागि नगर सभामा पेस गर्ने निर्णय गरियो ।